काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
# आयोजना कार्यान्वयन निर्देशनालय
अनामनगर, काठमाण्डौ

काठमाण्डौं पानी

visit Nepal 2020 Lifetime Experiences

प.सं.:
च.नं.:

मिति : २०७८/१०/०२

*KUKL, PID को प्रेस नोट*

## करिव १,२२० किलोमिटर खानेपानीको नयाँ वितरण संजाल तयार

मेलम्चीको खानेपानी दीगो एवम् भरपर्दो प्रणाली मार्फत काठमाडौं उपत्यकावासीको घर घरमा उपलव्ध गराउनका लागि हालसम्म करिव १,२२० किलोमिटर खानेपानीको नयाँ वितरण संजाल तयार भएको छ ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL), आयोजना कार्यान्वयन निर्देशनालय (PID) वाट काठमाडौं उपत्यकाको चक्रपथभित्र विभिन्न क्षेत्रमा गरी १,२२० किलोमिटर नयाँ खानेपानी पाइपलाइन विच्छाउने कार्य सम्पन्न भई नयाँ खानेपानी वितरण संजाल तयार भएको हो । यसबाट ती क्षेत्रका करिव एक लाख घरधुरीमा खानेपानीका नयाँ पाइपलाइन पुगेको छ ।

यसैगरी, काठमाडौं उपत्यकाको चक्रपथभित्र खानेपानी संजाल सुधार एवम् विकास गर्ने क्रममा वाँकी रहेका क्षेत्रहरू र चक्रपथ वाहिरका विभिन्न स्थानमा समेत नयाँ खानेपानी पाइपलाइन विच्छयाउने कार्यलाई तीव्रता दिइएको छ ।

त्यस क्रममा काठमाडौंको चपक्रपथभित्रका गोंगवु, म्हेपी, नयाँवजार, स्वयम्भु, बाफल, कलंकी, कालीमाटी, सोल्टीमोड र डल्लुक्षेत्रमा गरी २२४ किलोमिटरमध्ये ५० किलोमिटर र बसुन्धरा, वालुवाटार, धुम्वाराही, रानीवारी, कपुरधारा, सामाखुशी, उत्तरढोका, लाजिम्पाट, गौरीघाट, महाराजगञ्ज, विशालनगर, सुकेधारा, चावहिल, लैनचौर र हाँडिगाउँ क्षेत्रमा गरी २४९ किलोमिटरमध्ये ६० किलोमिटर खानेपानी वितरण पाइपलाइन विच्छयाइएको छ । जसवाट ती क्षेत्रका जम्मा ५३,१०६ घरधुरीमध्ये ११,६२८ घरधुरीमा खानेपानीको नयाँ पाइपलाइन पुगेको छ ।

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

# आयोजना कार्यान्वयन निर्देशनालय

अनामनगर, काठमाण्डौ

visit Nepal 2020 Lifetime Experiences

प.सं.:
च.नं.:

यसैगरी, काठमाडौंको चक्रपथ वाहिरका मण्डिखाटार, कपन, गल्फुटार, चावहिलको वाहिरी भाग र तीनचुली लगायतका क्षेत्रमा जम्मा २९० किलोमिटरमध्ये हाल ६४ किलोमिटर पाइपलाइन विच्छ्याउने कार्य सम्पन्न भएको छ । जसवाट ती क्षेत्रका जम्मा ९,७७६ घरधुरीमध्ये ४,०३६ घरधुरीमा खानेपानीको नयाँ पाइपलाइन पुगेको छ ।

यस्तै, खानेपानी चुहावट नियन्त्रणका लागि हाल काठमाडौं उपत्यकाका विभिन्न स्थानमा खानेपानी वितरण संजालका पाइपलाइनहरूको परीक्षण गर्ने कार्य समेत भइहेको छ ।

यसका साथै, वितरणका लागि खानेपानी भण्डारण गर्न काठमाडौं उपत्यकाका विभिन्न स्थानमा कूल ७४,५०० घनमिटर क्षमताका १० वटा ठूला खानेपानी भण्डारण ट्याङ्कीको निर्माण सम्पन्न भएको छ भने ती ट्याङ्कीसम्म खानेपानी लैजान निर्माण गरिएको ७७ किलोमिटर थोक वितरण संजालको परीक्षण गर्ने कार्य सम्पन्न गरी संचालनका लागि तयारी अवस्थामा राखिएको छ ।

यसैगरी, KUKL का मौजुदा आठवटा खानेपानी भण्डारण ट्याङ्कीहरूलाई समेत नयाँ खानेपानी वितरण प्रणालीसँग जोडिएको छ ।

१०/०२

(उज्वल प्रजापति)

आयोजना उपनिर्देशक एवम् सूचना अधिकारी

अनामनगर, काठमाण्डौं फोन नं.: ९७७-१-५७०५५१६/५७०५७७१, ५७०५१४८ www.kuklpid.org.np

फ्याक्स: ९७७-१-५७०५०५७, ईमेल: pidmail@kuklpid.org.np